म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २२४ मंगलबार १४ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 28 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कुन्छालमा होमस्टे व्यवस्थापन तालिम

हेटौंडा, १३ चैत/जिल्लाको प्रमुख पर्यटकीय नगरी थाहा नगरपालिकास्थित कुन्छाल गाउँमा होमस्टे प्रवर्द्धनका लागि तालिम दिइएको छ । लवग्रिन नेपालको आयोजनामा तीन दिवशीय तालिममा कुन्छाल गाउँका ४० जनाको सहभागिता रहेको थियो । सहभागीलाई होमस्टे व्यवस्थापनका साथै, अतिथि सत्कार र सरसफाई सम्बन्धी तालिम दिइएको छ । तालिममा स्थानीय होमस्टे सञ्चालकहरु तथा बजार व्यवस्थापन समितिका सदस्यहरुको समेत सहभागिता रहेको थियो । तालिमका सहभागीलाई पर्यटनविज्ञ डाक्टर अलकबाबु प्रसाईं, होमस्टे महासङका पूर्वअध्यक्ष केशव बडाल र थाहा नगरपालिकाको स्वास्थ शाखा प्रमुख मेघराज बलामीले सहजी करण गरेका थिए । तालिम समापन कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली, सामाजिक विकास अधिकृत अनिल लामिछाने, होमस्टे व्यवस्थापन समितिका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

### मयुरधाप औद्योगिक क्षेत्र

# शिलान्यासको दुई वर्षसम्म शून्य प्रगति

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ औद्योगिक क्षेत्र निर्माणको निर्णय भएको करिब पाँच वर्षपछि शिलान्यास गरिएको हेटौंडास्थित मयुरधाप औद्योगिक क्षेत्र अन्यौलमा छ ।

शिलान्यास गरेकै दुईवर्ष बितिसक्दा पनि काम अगाडि बढ्ने छाँटकाट देखिँदैन । २०७२ सालमा तत्कालीन मन्त्रिपरिषद्बाट निर्णय भएको औद्योगिक क्षेत्रको कुल लागत अनुमान मात्रै गरेको सरकारले शिलान्यासको दुई वर्षसम्म कुनै काम नगरेको हो । २०७७ फागुन १४ गते तत्कालीन वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले तामझामसाथ औद्योगिक क्षेत्रको शिलान्यास गरेका हुन् । उनले शिलान्यस गरेपछि औद्योगिक क्षेत्रको कुनै काम अगाडि नबढेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका प्रमुख भोजराज बिडारी स्वीकार गर्छन् । नेकपा माओवादी केन्द्र छोडेर एमालेमै रहेपछि (सर्वोच्चको आदेशबाट तत्कालीन नेकपा फुटेपछि) छोटो समय मन्त्रीमा बनेका भट्टले अर्थ मन्त्रालयबाट बजेट स्वीकृत नै नभएको अवस्थामा औद्योगिक क्षेत्रको शिलान्यास गरेका थिए ।

उनले देशभर आधा दर्जन औद्योगिक क्षेत्रको शिलान्यास लगातार गरेका थिए । औद्योगिक क्षेत्रको निर्माण हुँदा आफूबाट शिलान्यास भएको नाम इतिहासमा रहने भएपछि भट्टले हतारमा शिलान्यास गरेका थिए । तर, दुई वर्षसम्म वन तथा वातावरणमा थन्किएको एउटा फाइनल अगाडि बढाउनेसमेत काम भएको छैन् । हेटौंडा उपमहानगरपालिका-१४ मा बन्ने यो औद्योगिक क्षेत्रले २०० बिघा जमिन चर्चिने प्रस्तावित योजनामा



छ । ६२ वटा प्लट रहने यो परियोजनाको लागत ७ अर्ब २ करोड अनुमान छ । यो औद्योगिक क्षेत्र निर्माण गरेर १० हजार जनालाई रोजगार बनाउने भनिएको थियो । तर, स्थानीयको रोजगारीमा लाग्ने सपना पूरा हुन पाएको छैन ।

परियोजनाको डीपीआर बनिसकेको छ । तर, वातावरणीय प्रभाव मूल्यांकन (ईआइए) निर्माण हुन बाँकी छ । संघीय वन तथा वातावरण मन्त्रालयले मयूरधाप औद्योगिक क्षेत्रको ईआइए प्रतिवेदन स्वीकृत नगर्दा भौतिक संरचनाको निर्माण अघि बढ्न नसकेको हो । मन्त्रालयले पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र परेको भन्दै स्वीकृत गर्न नमानेको जनाइएको छ । तर, फाइल वर्षौंदेखि किन अड्कियो सम्बन्धित निकायलाई नै पत्तो छैन । वन मन्त्रालयले ईआइए प्रतिवेदन स्वीकृत नगर्दा भौतिक पूर्वाधार निर्माणले गति लिन नसकेको हेटौंडा औद्योगिक क्षेत्रका कार्यालय प्रमुख बिडारीले बताए । दुई वर्षअघि शिलान्यास भएर ईआइए स्वीकृतिका लागि मन्त्रालयमा पहल गर्ने बाहेक कुनै काम नभएको उनले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका-१३ र १४ मा स्थापना गर्ने घोषणा भएको पाँच वर्ष पुग्नै लाग्दा दुई वर्षअघि शिलान्यास गरिएको थियो । सम्भवत: तत्कालीन आपूर्तिमन्त्री भट्टले गरेको शिलान्यास दोस्रो हो । मयुर धाप औद्योगिक क्षेत्रको शिलान्यास त्यसभन्दा अगाडि पनि भएको थियो । दुई पटकसम्म शिलान्यास भइसकेको औद्योगिक क्षेत्रले प्रगति गर्न नसकेको हो । सरकारले औद्योगिक क्षेत्रको कार्यालय र कर्मचारी मात्रै पालेर राख्नु परेको छ । प्रस्तावित औद्योगिक क्षेत्रको जग्गा संरक्षण गर्न विगतमै तारजाली लगाउने काम भएको थियो । उक्त तारजालीको कतिपय स्थानमा हाल नक्सासमेत नभेटिने स्थानीयहरु बताउँछन् ।

संघीय वन तथा वातावरण मन्त्रालयबाट ईआइएको स्वीकृत भएता पनि औद्योगिक क्षेत्रका लागि आवश्यक जग्गा भोगाधिकारका लागि थप प्रक्रिया सुरु गर्नुपर्ने हुन्छ । जग्गा भोगाधिकारको लागि कतिवर्ष लाग्ने हो ? अहिले नै भन्न सक्ने अवस्था नरहेन अन्य परियोजनाहरुको प्रगतिले पनि देखाउँछ । औद्योगिक क्षेत्रमा दुई वर्षभित्र उद्योग स्थापना भइसक्ने र पाँच वर्षभित्रमा औद्योगिक क्षेत्रको सम्पूर्ण काम सक्ने योजना तत्कालीन सरकारको थियो । तर, योजना कागजमै सीमित छ । २०७२ चैत १ गते मन्त्रिपरिषदर बैठकले मयूरधापमा औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय गरेपछि २०७३ साउनमा मालपोत कार्यालय मकवानपुरले औद्योगिक क्षेत्रको नाममा लालपुर्जा जारी गरेको थियो ।

तर, पर्सा राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने जग्गाको पुर्जा आफ्नो अनुमतिबिना दिएकोमा आपत्ति जनाउँदै औद्योगिक क्षेत्रलाई तारबार लगाउन र निर्माणको काममा निकुञ्जले रोक लगाएपछि लालपुर्जा यसअघि नै खारेज गरी भोगाधिकारका लागि जग्गा दिनेगरी सहमति भएको थियो । प्रस्तावित औद्योगिक क्षेत्रमा औद्योगिक प्लटसँगै आवासीय क्षेत्र, प्रशासनिक क्षेत्र, सेवा क्षेत्र, मुद्रण क्षेत्र, पेट्रोल पम्प तथा धर्मकाँटा पुल क्षेत्र, भन्सार, ठूला ट्रक पार्किङ, सशस्त्र प्रहरी बेस क्याम्प, फोहोर पानी प्रशोधन केन्द्र, वन तथा मनोरञ्जन क्षेत्रका लागि पूर्वाधार निर्माण गरिने डीपीआरमा उल्लेख छ ।

हेटौंडामा क्षेत्रफलका दृष्टिकोणले देशमै ठूलो औद्योगिक क्षेत्र छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र उद्योग स्थापनाका लागि जग्गा अभाव हुन थालिससकेको अवस्थामा थप एउटा औद्योगिक क्षेत्रको आवश्यक पनि छ । जसका लागि मयुरधाप औद्योगिक क्षेत्र निर्माणको विकल्प छैन । पूर्बपश्चिम राजमार्ग, कान्तिलोकपथ, धरान-चतरा, निर्माणाधीन फास्टट्र्याक, टीआरपी लगायतका सडक पहुँचसँगै भारतीय मुलुकबाट कच्चापदार्थ भित्राउन सबैभन्दा सजिलो बीरगंज नाका नजिकै भएका कारण पनि हेटौंडामा लगानीकर्ता आकर्षित छन् ।

औद्योगिक प्रतिष्ठान स्थापना गर्ने वातावरण निर्माण गर्न नसकेकै कारण हजारौं युवाको रोजगारीको सपना अधुरै छ । सरकार सञ्चालन गरिरहेका राजनीतिक दलहरु सत्ता प्राप्तिमा रुमलिँदा मुलुकको अर्थतन्त्र चलायमान बनाउने र रोजगारीको सृजना हुने परियोजना अलपत्र बनेको छ । हेटौंडा औद्योगिक क्षेत्रले जग्गा भावका कारण मयुर धाप औद्योगिक क्षेत्र छिटो निर्माण हुनुपर्ने विगतदेखि नै बताउँदै आएको हो । तर, राज्यको आँखा सत्ता प्राप्तिमै केन्द्रित भइरहँदा महत्वपूर्ण परियोजना भने अलपत्र अवस्थामै छन् ।

# मकवानपुर हुँदै चल्ने रेलमार्गको डीपीआर महिना दिनभित्रै

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/वर्तमान सरकारले चासो देखाएपछि मकवानपुरको भूभागबाट चल्ने काठमाडौं-रक्सौल रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) एक महिनाभित्रै तयार हुने भएको छ ।

भारतले प्रस्तावित काठमाडौं-रक्सौल रेलमार्गको डीपीआर एक महिनाभित्रै तयार हुने जानकारी गराएको सरकारका उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले सोमबार जानकारी दिए । अध्ययन सकेर एक महिनाभित्रै प्रतिवेदन नेपालले पाउने अपेक्षा गरिएको मन्त्रालयमा गरिएको पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले बताए । परियोजना अध्ययनका लागि २२ असोज २०७८ मा नेपाल र भारत बीच द्विपक्षीय समझदारी (एमओयू) भएको थियो । सम्झौताअनुरुप डीपीआर तयार हुने जनाइएको छ ।

करिब दुई महिनाअघि नेपाल भ्रमणमा आएका भारतीय विदेश सचिव विनयमोहन क्वात्रासँग सरकारी प्रतिनिधिको भेटले काठमाडौं-रक्सौल रेलमार्ग निर्माणलाई प्राथमिकतामा साग अगाडि बढाउने सम्बन्धमा सहमति भएको थियो । जसकारण मकवानपुरको भूमि हुँदै गुड्ने भनिएको रेलमार्ग निर्माणले गति लिएको छ । दुई देशबीचको उच्च प्राथमिकतामा परेर रेलमार्ग निर्माण भएको अवस्थामा मकवानपुरको आर्थिक र सामाजिक विकासले फड्को मार्ने देखिन्छ । प्रस्तावित रेलमार्ग रौतहट र बारासँग सीमाना जोडिएको मकवानपुरको साविक धियाल गाविस हाल बकैया गाउँपालिकाको धियाल हुँदै सिस्नेरी पुग्ने जनाइएको छ ।

धियाल र सिस्नेरीको बीचमा शिखरपुरसँग पनि रेलमार्ग जोडिने भएको छ । मकवानपुरबाट रेलमार्ग मात्र नभई निजगढ-काठमाडौं फाष्ट ट्र्याक पनि निमार्णधीन छ । रेलमार्ग र फाष्ट ट्र्याक निर्माण पश्चात मकवानपुर सडक पूर्वाधारले




थप सुसज्जित हुने देखिएको हो । सरकारले गत आर्थिक वर्ष २०७८/०७९ को बजेटमा काठमाडौं-रक्सौल रेलमार्ग र काठमाडौं-रसुवागढी रेलमार्गको डीपीआर सम्पन्न गर्ने जनाएको थियो । काठमाडौं-रक्सौल रेलमार्गको फाइनल लोकेशन सर्भे (एफएलएस) का आधारमा रेलमार्ग मकवानपुरको धियाल-शिखरपुर-सिस्नेरी हुँदै काठमाडौं पुग्ने देखिएको हो ।

सोमबार पत्रकार सम्मेलनमा धारणा राख्दै मन्त्री श्रेष्ठले एमओयूअनुसार रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनी मार्फत् तयार गरेको हो । भारतले सम्झौताअनुसार नेपालमै काम गर्न टोली पठाएको थियो । १८ महिनाभित्र यो काम सकाउने लक्ष्य थियो । यो रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले नेपाललाई दिइसकेको छ । केआरसीएलले तयार पारेको प्रारम्भिक रिपोर्टअनुसार प्रस्तावित रक्सौल-काठमाडौं रेलमार्गको लम्बाइ १३६ किलोमिटर हुने देखिएको थियो । प्रस्तावित रेलमार्गको करिब ४० किलोमिटर खण्डमा सुरुङ रहनेछ भने साना-ठूला गरी करिब ३५ वटा पुल पनि बनाउनुपर्ने देखिएको थियो ।

डीपीआर प्रतिवदेन प्राप्त भएपछि आयोजनाको निर्माणको मोडालिटिबारे छलफल अघि बढ्नेछ । रक्सौलबाट आउने क्रममा रेल बाराको जीतपुर, निजगढ, मनवानपुरको शिखरपुर, सिस्नेरी हुँदै काठमाडौं आइपुग्नेछ । यसबीचमा कुल १३ वटा रेल स्टेसन रहने छन् । जसमध्ये तीन वटा स्टेशन मकवानपुरमै पर्ने भएको छ । मकवानपुरमा रेलको स्टेशन धियाल, शिखरपुर र सिस्नेरीमा हुने जनाइएको हो । रेल रक्सौल, वीरगञ्ज, बगही, पिपरा, डुमरवाना, ककडी, निजगढ, चन्द्रपुर, धियाल, शिखरपुर, सिस्नेरी, साथीखेल र चोभारमा रोकिनेछ । रेलमार्गमा भारतीय प्रकारको ब्रोडगेज प्रयोग गरिने जनाइएको छ ।

रेलमार्ग निर्माणका क्रममा भौगोलिक बनावट, भौगर्विक जटिलता, भूकम्पीय जोखिम र सञ्चालन असहजताका कारण जटिलता तथा चुनौती आउने अनुमान गरिएको छ । लोकेशन सर्भेबाट मकवानपुरको भूभागबाट गुड्ने भनिएको स्थान सबै भौगोलिक रुपमा विकट छन् । धियाल पनि विकट हो । शिखरपुर र सिस्नेरी पनि भौगोलिक रुपमा विकट रहेका छन् । निजगढ-काठमाडौं फाष्ट ट्र्याक पनि मकवानपुर र ललितपुरको सीमानामा पर्ने बागमती दोभान (सिस्नेरी) हुँदै काठमाडौं उपत्यका पुग्नेछ । रेलमार्ग निर्माणको लागत नेपाली २ खर्ब ५४ अर्ब नेपाली रुपैयाँ (१ खर्ब ६५ अर्ब ५० करोड ४४ लाख ६० हजार भारु) लाग्नेछ ।

# शिक्षक संघ बागमतीको अध्यक्षमा सिंखडा

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ हेटौंडामा भएको अधिवेशनबाट नेपाल शिक्षक संघ बागमती प्रदेशको अध्यक्षमा दीपक सिंखडा निर्वाचित भएका छन् ।

आइतबार राती भएको निर्वाचनबाट सिंखडाले राजेन्द्र अधिकारीलाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएको निर्वाचन संयोजक दीपकलाल खतिवडाले जानकारी दिए । संघको बागमती प्रदेश वरिष्ठ उपाध्यक्षमा टंकप्रसाद दाहाल, उपाध्यक्ष (महिला)मा कमलाकुमारी थापा, खुला उपाध्यक्षमा दीपशंकर चौलागाई र अनिलकुमार झा निर्वाचित भएका छन् ।

महाचिवमा राजेशराज महत निर्विरोध निर्वाचित भए । महिला महासचिव अर्थमा शान्ति गजुरेल पनि निर्विरोध निर्वाचित भएकी छन् । उपमहासचिव खुलामा रुद्रकुमार धमला, उपमहासचिव अर्थमा अर्जुनप्रसाद लामिछाने निर्वाचित भए ।

उपमहासचिव महिलामा रश्मी तामाङ निर्विरोध निर्वाचित हुँदा उपमहासचिव समावेशीमा ओमप्रकाश बन्जाडे र भेषराज थापा तथा खुला सदस्यमा दुर्गादेवी गुरुङ, रामबहादुर घ्यावा, कमल गुरुङ, ज्ञानेन्द्र बर्तौला, बिर्जबहादुर घोले, सुनिता नेपाली, केशवबहादुर डोटेल, दीपेन्द्र रेग्मी, ज्ञानेन्द्रप्रसाद सन्जेल, बलराम गिरी र श्रीकृष्ण केसी निर्वाचित भएका छन् । महिला सदस्यमा गीता न्यौपाने, शकुन्तला त्रिपाठी, कल्पना मोक्तान र मुना नांगिला पन्त निर्वाचित भए ।

# सञ्चो हस्पिटलको ल्याबमा प्रशासनको ताला

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ हेटौंडा उपमहानगरपालिका-१, स्थित सञ्चो हस्पिटल प्रालिले गैरकानुनीरुपमा ल्याब सञ्चालन गरेको भन्दै प्रशासनले ताला लगाएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले सोमबार हस्पिटलमा अनुगमन गर्दै ताला लगाएको हो । अस्पतालले मापदण्डविपरित ल्याब सञ्चालन गरेको प्रशासनले जनाएको छ । हेटौंडा-१, स्थित भाडाको घरमा सञ्चो हस्पिटलले पूर्ण रुपमा मापदण्ड पूरा नगरेको सूचना बाहिरिएपछि प्रशासनको नेतृत्वमा सोमबार औषधि व्यवस्था विभाग वीरगञ्ज कार्यालयसहितको सहभागितामा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ल्याब मापदण्ड विपरित सञ्चालन भइरहेको




पाएपछि ताला लगाइएको प्रशासनका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले जानकारी दिए । उनले ल्याबको अनुमति नल्याएसम्म सञ्चालन नगर्न निर्देशन दिइएको बताए ।

अनुगमनका क्रममा हस्पिटलको आकस्मिक कक्षमा म्याद गुज्रिएका औषधि फेला परेको छ । औषधि व्यवस्था कार्यालय वीरगञ्जले म्याद गुज्रिएका औषधिको सम्बन्धमा कानुनी कारबाही अघि बढाउने भएको न्यौपानेले बताए । यसैगरी, हस्पिटलले दुई वर्षदेखि आन्तरिक राजश्व कार्यालयमा कर नतिरेको पाइएको छ । फार्मेसी सञ्चालनको अनुमति रहेको तर, नवीकरण भने नगरेको प्रशासकीय अधिकृत न्यौपानेले जानकारी दिए । ३ दिनभित्र फार्मेसी नवीकरण गर्न निर्देशन दिइएको र नवीकरण नगरे बन्द गरिने न्यौपानेले बताए ।

हस्पिटलका अध्यक्ष विजय पुडासैनीले ल्याबको कागजात राखेको ठाउँमा नभेटिएपछि प्रशासनले हतारमा ताला लगाइदिएको बताए । 'ल्याबको अनुमति थियो, अनुगमन टोलीलाई देखाउने बेलामा कागज भेटिएन, म पनि भर्खरै आउँदैछु, ताला लगाएर जानुभएको रहेछ', पुडासैनीले भने । उनले हस्पिटलको आईसीयू र एचडीयूमा बिरामी रहेको तर, प्रशासनले ल्याबको ताला लगाइ दिएकोले समस्या भएको गुनासो गरे ।

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्देछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋृषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरूमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोट: भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
**९८४५२६९७१३/९८४५०२०९५१**
**९८५५०३०९५१** (whatsapp)

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सकसमा सरकार गठन

यतिबेला नेपाली राजनीतिमा देखापरेका विचारशुन्यता, अन्यौलता, अनैतिकता, अमर्यादा, मआनवीयता, असहिष्णुता आदिका कारण सरकार गठनमा समस्या आएको छ । राजनीतिमा आएको बिचलनका कारण मुलुक दिन दुगुना रात चौगुना अस्थिर बन्दै गएको छ । राजनीतिक दल निर्लज्ज छन् । देशको सम्मान र श्रीवृद्धिमा लाग्नुपर्ने सरकार र सरकार सञ्चालन गर्ने राजनीतिक दल, प्रमुख प्रतिपक्ष वा अन्य दलका अधिकांश उपल्लो तहदेखि दोस्रो, तेस्रो दर्जासम्मका नेता वा कार्यकर्ता कुनै न कुनै रुपमा गैरकानुनी कमाउ धन्दामा लागेका छन् । अर्कातिर स्थायी सरकार भनिने कर्मचारी संयन्त्र पनि उसकै पदचिन्ह पछ्याउँदै हिंडेको छ ।

नेपाली राजनीतिको चरम लापर्वाह देखेर जनतामा निराशा बढ्दै गएको छ । बागमती प्रदेश सरकारभित्र मन्त्री खाने दाउपेचले यतिबेला प्रदेशको राजनीतिक माहोल गरमाएको छ । देशको मूल नीति भनेकै राजनीति हो र राजनीति धमिलिएपछि अन्य क्षेत्रमा व्यापक असर गर्छ । राजनीतिक दलमा सत्तामोहको बादल लागेको छ । नैतिकतामा अएको शुन्यताको परिमाणस्वरुप आज देशको हरेक क्षेत्रमा लुटतन्त्र फैलिएको छ । मुलुकको व्यापारघाटा चुलिएको छ । यतिबेला हाम्रो संघीय वा प्रदेशको नेतृत्वले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय परिस्थितिको सही र समयानुकूल आँकलन गर्ने क्षमता प्रदर्शन गर्न जरुरी थियो । राज्य सञ्चालनमा देखापरेको बर्तमान बेथितिले मुलुक झन् पछि झन् संकटमा फस्ने सम्भावना बारे गम्भिर भएर सोच्ने बेला आएको छ । राजनीतिमा देखिएको यस्तैखाले संकटले संघीयताको आँच आइहेको छ । देशमा बिद्यमान सबै खाले बिसंगति र विकृतिको समाधान खोज्ने थलो धमिलिएको छ । संघीयताको बिकल्प सोच्नु पर्ने बिषयमा आवाज उठिरहेको छ । तर, प्रदेश सरकारले जुन गतिमा काम गर्नु पर्ने थियो त्यो गर्न छोडेर भागबण्डामै अलमलिएको छ ।

सत्ताको भागबण्डामा लुछाचुँडी हुन थालेपछि जनतामा निराशा देखिनु स्वभाविक हो । निर्वाचनको समयमा मतदातासामु गरिएका प्रतिबद्धता कसरी पूरा गर्ने ? भनने बिषयमा चिन्ता र चासो देखिएको छैन । कुर्सीमा कसरी पुग्ने ? सत्ताको हालीमुहाली कसरी गर्ने भन्ने बाहेक केही हुनेवाला छैन । सत्ता साझेदार दलहरु भागबण्डामा मरिहत्ते गर्नुको सट्टा जनजीविका सहज बनाउने काममा ध्यान दिने हो कि ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १५ गते बुधबार २९ मार्च २०२३ । अष्टमी चैत कृष्णपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:००, सूर्यास्त ६:१९। चैते दशैं । श्वेत मत्स्येन्द्रनाथ रथयात्रा । चैत्राष्टमी व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# सत्ताको राजनीतिका चुनौती



**सेतेमान तामाङ**

नेपाली राजनीतिमा सधैँ अस्थिरता, अनिश्चितता रअ सहमति व्याप्त रहिआएको छ । देश गरिबी, असमानता र अल्पविकासको समस्यामा फसेको छ । सुशासन दिन र जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्न राजनीतिक दलहरू निरन्तर असफल भएका छन् । नेपाली राजनीतिमा विचारको राजनीतिक विकासमा भ्रष्टाचार, र ाजनीतिक इच्छाशक्तिको अभाव, वाह्य शक्तिको प्रभावजस्ता विभिन्न कारणले बाधा पुगेको छ ।

राजनीतिक दलहरूले गरिबी, असमानता र अल्पविकासका मूल कारणलाई सम्बोधन गर्नुको सट्टा सत्ता प्राप्तिका लागि अपराधीलाई उन्मुक्ति दिने र विचारहीन राजनीतिक दलहरूलाई सत्ता पाउने वा टिकाउने टेकोका रूपमा लिइरहेका छन् । यसले जनतामा भ्रम, उदासीनता र वितृष्णा बढाएको छ । यस्तो अवस्थामा नेपाली राजनीतिमा विचारको प्रधानतातालाई जोड दिन सकिँदैन । यस लेखमा नेपालमा अस्थिरताको मूल कारणलाई सम्बोधन गर्न र दिगो विकास हासिल गर्न राजनीतिमा वैचारिक दृष्टिकोण आवश्यक रहेको तर्क गरिएको छ ।

**नेपालमा शक्तिमुखि राजनीति**

नेपालमा सत्तामुखी राजनीतिको लामो इतिहास छ । सत्तारुढ वर्गले आफ्नो स्थिति सुदृढ गर्न र असहमतिको आवाजलाई दबाउन आफ्नो शक्ति प्रयोग गरेका छन् । राजनीतिक दलहरू जनताका समस्या सम्बोधन गर्नुभन्दा सत्ता पाउन र टिकाउनमा केन्द्रित भएका छन् । यसले गर्दा शासन प्रणालीमा जवाफदेही, पारदर्शिता र सहभागिताको कमी देखिएको छ । जनतालाई निर्णय प्रक्रियाबाट बाहिर राखिएको छ र उनीहरूको आवाज सुनिएको छैन । राजनीतिक दलहरूले सत्ता प्राप्तिका लागि प्राय: हिंसात्मक उपायहरू अपनाएका छन् । यसले गर्दा दण्डहीनता र अराजकताको संस्कृति बढेको छ । जनताले सुविधाको अनुभव गर्न पाएका छैनन् । कहीं कतै लोकतन्त्रको अनुभूति दिनसक्ने अवस्था छैन । यी सबै सत्तामुखी राजनीतिको परिचयक हुन् ।

**नेपाली राजनीतिमा विचारको आवश्यकता**

यही सन्दर्भमा नेपाली राजनीतिमा विचारको आवश्यकता प्रस्ट हुन्छ । राजनीतिमा वैचारिक दृष्टिकोणले गरिबी, असमानता र अल्पविकासका विषयलाई सम्बोधन गर्ने रूपरेखा प्रदान गर्न सक्छ । यसले थप समतामूलक, न्यायपूर्ण र लोकतान्त्रिक समाज निर्माण गर्न मद्दत गर्न सक्छ । विचारधाराले भविष्यको दृष्टि र त्यसलाई प्राप्त गर्ने मार्गचित्र प्रदान गर्न सक्छ । यसले जनतामा उद्देश्य र दिशाको भावना जगाउन र साझा लक्ष्यतर्फ काम गर्न प्रेरित गर्न सक्छ । विचारधाराले राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, कर्मचारी र अन्य सरोकारवालाहरूबीच सहमति र सहयोग निर्माणको आधार पनि प्रदान गर्छ ।

**दिगो विकासमा विचारधाराको भूमिका**

नेपालमा दिगो विकासका लागि राजनीतिमा वैचारिक दृष्टिकोण आवश्यक छ । दिगो विकासका लागि आर्थिक, सामाजिक र वातावर णीय पक्षहरूलाई ध्यानमा राख्ने समग्र दृष्टिकोण चाहिन्छ । यसको लागि दीर्घकालीन परिप्रेक्ष्य चाहिन्छ जुन शासक, अभिजात वर्गको अल्पकालीन लाभभन्दा बाहिर हुन सक्छ । एउटा वैचारिक दृष्टिकोणले विभिन्न सरोकारवालाहरूको हितलाई सन्तुलनमा राख्न र विकासका लाभहरू समानरूपमा बाँडफाँट हुने सुनिश्चित गर्ने ढाँचा उपलब्ध गराउन सक्छ । यसले समावेशी र सहभागितामूलक शासन प्रणालीको सृजना गर्न मद्दत गर्न सक्छ । राजनीतिक विचारधाराले राजनीतिक दलको नीति र कार्यलाई आकार दिने विश्वास एवं मूल्यहरूको समष्टिलाई जनाउँछ। यी विश्वास र मूल्य मान्यता समाजको विशेष दृष्टिकोण र त्यो दृष्टि हासिल गर्न सरकारको भूमिकामा आधारित हुन्छन् । राजनीतिक विचारधाराहरू पार्टी वा आन्दोलनभित्र बौद्धिक प्रतिविम्ब र बहसको प्रक्रियाबाट विकसित हुन्छन् । तिनीहरू इतिहास, संस्कृति, धर्म, आर्थिक अवस्था र सामाजिक मान्यताजस्ता विभिन्न कारकहरूबाट प्रभावित हुन्छन् जसले निर्णय प्रक्रियामा समाजका सबै वर्गलाई समावेश गर्छ । यसले वातावरण संरक्षण र विकासको दीर्घकालीन रूप दिगो बनाउन सुनिश्चित गर्न पनि मद्दत गर्न सक्छ ।

यी विश्वास र मूल्यमान्यता समाजको विशेष दृष्टिकोण र त्यो दृष्टि हासिल गर्न सरकारको भूमिकामा आधारित हुन्छन् । तिनीहरूले राष्ट्र निर्माणको मार्ग चित्रण गर्छन् । नेपालको राजनीतिक परिदृश्यलाई आकार दिन राजनीतिक विचारधारा महत्त्वपूर्ण कारक रहनेछ । स्पष्टता, दूरदर्शिता र सान्दर्भिक राजनीतिक विचारधाराले भविष्यको दृष्टिकोण र त्यसलाई हासिल गर्ने मार्गचित्र प्रदान गर्न सक्छ । तर, नेपाली राजनीतिमा राजनीतिक विचारको विकासले भ्रष्टाचार, राजनीतिक इच्छाशक्तिको कमी र बाह्रय प्रभाव जस्ता विभिन्न कारकहरूबाट चुनौती सामना गरेको छ । राजनीतिक दलहरूले यी चुनौतीहरूलाई सम्बोधन गर्न जनताको आकांक्षा झल्काउने थप समावेशी र लोकतान्त्रिक विचारधारा अपनाउनुपर्छ ।

**अस्थिरताको मूल कारणलाई सम्बोधन गर्न विचारधाराको भूमिका**

राजनीतिमा वैचारिक दृष्टिकोणले पनि नेपालको अस्थिरताको मूल कारणलाई सम्बोधन गर्न मद्दत गर्न सक्छ ।

अस्थिरता राजनीतिक दलहरूबीचको शक्ति सैर्षको परिणाममात्र होइन । बरु, अन्तर निहित सामाजिक, आर्थिक र राजनीतिक असमानताको परिणाम पनि हो । वैचारिक दृष्टिकोणले यी असमानताहरूलाई सम्बोधन गर्न र अझ न्यायपूर्ण एवं समतामूलक समाजको निर्माणको लागि रूपरेखा प्रदान गर्न सक्छ । यसले गरिबी, बेरोजगारी र सीमान्तीकरणका समस्याहरूलाई सम्बोधन गर्न मद्दत गर्न सक्छ जुन सामाजिक अशान्तिका मूल कारण हुन् । यसले समाजका सीमान्तकृत वर्गहरूलाई आवाज दिने थप लोकतान्त्रिक र समावेशी शासन प्रणाली सिर्जना गर्न पनि मद्दत गर्न सक्छ । अस्थिरताको राजनीतिले भने राजनीतिक व्यवस्थालाई जोखिममा पार्नुका साथै देशमा द्वन्द्व वा हिंसालाई प्रोत्साहन गर्छ ।

**वैचारिक राजनीतिका चुनौतीहरू**

नेपालको राजनीतिमा वैचारिक दृष्टिकोणलाई लागु गर्न धेरै चुनौती छन् । पहिलो, राजनीतिक दलहरूले आफ्नो साँगुरो स्वार्थभन्दा माथि उठेर भविष्यका लागि फराकिलो दृष्टिकोण अँगाल्नुपर्छ । तिनीहरू समाजको बृहत्तर हितका लागि त्याग र सम्झौता गर्न तत्पर हुनु आवश्यक हुन्छ । दोस्रो, विचारधारा जनताको आवश्यकता र आकांक्षासँग सान्दर्भिक हुनुपर्छ । यसलाई माथिल्लो तहबाट थोपरेर नभई तल्लो तहबाटै ल्याउनुपर्छ । तेस्रो, राजनीतिक दल, नागरिक समाज, बौद्धिक वर्ग र अन्य सरोकारवालाहरूबीच संवाद, बहस र सहमतिको संस्कृति र संस्कार हुनुपर्छ। हत्या, हिंसा र असहिष्णुताको संस्कृति हट्नुपर्छ, राजनीतिक संस्कारको थालनी गर्नुपर्छ । राज्यको हरेक क्षेत्रमा योग्यता, दक्षता र अनुभवी व्यक्तिलाई जिम्मेवार प्रदान गरी अनियमितता र अपारदर्शिताका खाडललाई अनुगमन गरी राज्य संयन्त्रको अधीनमा राख्नुपर्छ । अहिलेको चुनौती हरेक तहमा भइरहेको भ्रष्टाचार हो । जबसम्म राजनीतिक अस्थिरता रहन्छ तबसम्म भ्रष्ट्राचार नियन्त्रण गर्न सकिँदैन । बरु, झन् भ्रष्ट्रचार संस्थागत हुँदै जान्छ । अहिलेको राजनीतिक अस्थिरतालाई व्यवस्थापन गर्न नसक्ने र राजनीतिक दलहरुले सत्ता प्राप्तिको खेलमात्रै बनाइ रहने हो भने राजनीतिक व्यवस्था र देशको अवस्थामा थप चुनौती बेहोर्नुपर्ने अवस्था देखिन्छ । त्यस अवस्थामा राजनीतिक व्यवस्था नै राजनीतिक दलहरुको नियन्त्रणभन्दा बाहिर पुग्ने निश्चित छ । *(साभार: बाह्रखरी)*

# उपेन्द्र-सीके टकरावको अन्तर्य



**राजाराम गौतम**

आम निर्वाचन-२०७९ मा जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतसँग पराजित भएर निरासिएका जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवको ओठमा हाँसो फर्कन थालेको छ । पछिल्ला दुइटा घटनाक्रमबाट उनको निराशा उत्साहमा बदलिएको हो ।

पहिलो, जसपा मधेश प्रदेशको अंकगणितमा तेस्रो स्थानमा खुम्चिँदा पनि उनले मुख्यमन्त्री पार्टीको पोल्टामा पार्न सके र आफू निकट नेता सरोज यादवलाई मुख्यमन्त्री बनाए । एमाले बाहिरिएर सत्तारूढ गठबन्धनमा कांग्रेसको प्रवेश भएपछि पनि मधेश प्रदेश सरकारको नेतृत्व कायम राख्न उनी लागिपरेका छन् । दोस्रो, सत्तारूढ गठबन्धनमा सामेल भएर उनले पार्टीको भागमा उपराष्ट्रपति पद पारे । र, त्यसमा पनि आफू निकट बारा क्षेत्र नं २ बाट निर्वाचित सांसद रामसहायप्रसाद यादवलाई अघि सारे ।

रामसहायप्रसाद मुलुकको तेस्रो उपराष्ट्रपति चुनिएपछि उक्त क्षेत्र रिक्त भएको छ । र, अब उपेन्द्रको नजर बारातिर केन्द्रित छ । आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा चुनिएर उनी संसद् छिर्न चाहन्छन् । उनले उम्मेदवारीको औपचारिक घोषणा गरेका छैनन्, यद्यपि दृश्य/अदृश्य अभ्यासले उनको त्यो आकांक्षा प्रकट भएको बुझ्न कठिन छैन । पाँच महिनाअघि जनमतबाट अस्वीकृत उपेन्द्र फेरि चुनावी परीक्षामा होमिन खोज्दै छन् । हुन त चुनावमा उम्मेदवारी दिन पाउनु उनको अधिकार हो । एक पटक पराजित हुँदैमा उम्मेदवार हुनै नपाइने होइन । तर, पाँच वर्षका लागि जनताबाट अस्वीकृत भएर पराजित भइसकेपछि तत्कालै उम्मेदवार बन्दा त्यसले नैतिक प्रश्न त खडा गर्छ नै, राम्रो सन्देश पनि जाँदैन । चर्चाकै चरणमा अनेक प्रश्न उठ्दा पनि उनी त्यसको बेवास्ता गर्दै संसद् छिर्ने प्रयत्नमा जुटेका छन् र सत्तारूढ गठबन्धनबाट साझा उम्मेदवार बन्ने माहोल बनाउने कसरतमा छन् । जसपाका प्रवक्ता मनीष सुमनले हालै गरेको दाबी त्यो कसरतको प्रारम्भ हो । उनको दाबी छ, 'बारा-२ मा हाम्रो हक लाग्छ । सत्ता गठबन्धनबाट साझा उम्मेदवार हुँदा हामीले नै पाउने हो ।'

कांग्रेस सभापति शेरबहादुर देउवाले उपेन्द्रलाई सघाउने वचन दिएको समाचार आए पनि सत्ता गठबन्धनले उपनिर्वाचनमा साझा उम्मेदवार खडा गर्ने वा मित्रवत् प्रतिस्पर्धा गर्ने निर्क्योल गरिसकेको छैन । यद्यपि सम्भावित उम्मेदवार उपेन्द्रका लागि प्रतिद्वन्द्विताको पर्खालचाहिँ खडा भइसेकेको छ ।

यादवको मनसुवाविरुद्ध चुनौतीका रूपमा उभिएका छन्, जनमत पार्टीका नेता सीके राउत । सीकेले बारा-२ मा आफ्नो पार्टीबाट उम्मेदवार उठाउने घोषणा गरिसकेका छन् । बारामै पुगेर उनले भने, 'उपेन्द्र यादव फिरंगी हुन् । सप्तरीका जनताले जसरी हराए, त्यसरी नै बारामा पनि हराउनुपर्छ ।' हालै सम्पन्न उपराष्ट्रपति निर्वाचनमा पनि जनमत पार्टीले मधेशका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति आदि पार्टी समेटेर जसपाविरुद्ध उम्मेदवार खडा गरेको थियो ।

जसपा र जनमत पार्टी दुवै सत्तारूढ गठबन्धनमा छन् । मधेश प्रदेशमा पनि यी दुई पार्टीहरू सरकारमा सामेल छन् । तर, दुई पार्टीका यी दुई नेताबीचको टकराव बढ्दै गएको छ । उपेन्द्र र सीकेबीचको प्रतिद्वन्द्विता उपनिर्वाचनको जितहारको सन्दर्भसँग मात्रै सीमित छैन । यो प्रतिद्वन्द्विताको अन्तर्य हो, मधेशको मुद्दा कसले बोक्ने ? मधेशको सर्वेसर्वा नेता को हुने ? यो विश्लेषण यी प्रश्नमा केन्द्रित रहनेछ ।

**मसिहा दौड**

नेपाली राजनीतिको विभिन्न कालखण्डमा तराई-मधेशका मुद्दा बोकेर नेताको उदय हुने अनि ती मुद्दाप्रति न्याय गर्न नसक्दा तिनको अवसान हुने गरेको ऐतिहासिक दृष्टान्त छन् । जब-जब तराई-मधेशका मुद्दा उठाउने नेताहरूको प्रसंग आउँछ, वेदानन्द झा स्मरणमा आउँछन् । किनभने, तराई-मधेशका मुद्दा उठाउने पहिलो श्रेय उनै झालाई जान्छ । उनले २००८ सालमा नेपाली कांग्रेसबाट विद्रोह गरेर नेपाल तराई कांग्रेस गठन गरे । हिन्दीलाई सम्पर्क भाषा, तराईको स्वशासन र समावेशीकरणको मुद्दा उठाएर बेग्लै पार्टी बनाएका झा अन्तत: राजा महेन्द्रको अप्रजातान्त्रिक कदमलाई समर्थन गरेर पञ्चायतमा मिसिए ।

२०४० सालमा कांग्रेसबाटै बाहिरिएका गजेन्द्रनारायण सिंह पनि तराई-मधेशका मुद्दा उठाएर राजनीतिमा स्थापित भएको नाम हो । २०४६ मा प्रजातन्त्रको पुन:स्थापनापछि नेपाल सद्भावना पार्टीमार्फत उनले तराई-मधेशका मुद्दा अघि बढाएका थिए । तर सत्तालिप्सा, गुटफुट, शक्तिस्वार्थहरूको कठपुतली बन्ने प्रवृत्ति हुर्कंदै जाँदा यो पार्टीले आफ्नो उपादेयता पुष्टि गर्न सकेन । सिंह जीवित हुँदासम्स उनी मधेशी राजनीतिको मियोजस्तै थिए । उनको निधनपछि यो पार्टी दर्जनौं पटक छिन्नभिन्न हुँदै अहिले भए-नभए बराबरको अवस्थामा छ ।

२०६३ को राजनीतिक परिवर्तनपछि तराई-मधेशमा नयाँ राजनीतिक शक्ति जन्मियो– मधेशी जनअधिकार फोरम । जसको नेता थिए, उपेन्द्र यादव । सद्भावना पार्टीको गतिहीनताको विकल्पमा फोरमको उदय भएको थियो । कुनै बेला मधेशी पृष्ठभूमिका नेताहरूले साझा मञ्चका रूपमा प्रयोग गर्न भनेर बनेको गैरसरकारी संस्था मधेशी जनअधिकार फोरमले राजनीतिक दलको रूप लिएपछि यसको नेतृत्वमा मधेश आन्दोलन उठ्यो । आन्दोलनको दबाबले मुलुकमा संघीयता आयो । माओवादीको हिंसात्मक विद्रोहको अवतरणसँगै उठेको उक्त आन्दोलनपछि राजनीतिमा समावेशीकरणका मुद्दाले प्रवेश पायो । सहभागितामूलक र समावेशी प्रतिनिधित्वको वकालत हुन थाल्यो । मूलधारको राजनीतिबाट पिछडिएको महसुस गर्ने मधेशी लगायतका सीमान्तीकृत समुदायले धेरै हदसम्म राहतको अनुभूति पनि गरे । त्यो अवस्था निर्माण गर्नमा उपेन्द्र नेतृत्वको फोरमको निर्णायक भूमिका रह्यो ।

त्यसो त मधेशी राजनीतिमा उनीभन्दा बढी भोटा फटाएका पाका नेताहरू नभएका होइनन् । तर, ०६४ को पहिलो संविधानसभाबाट फोरम उदाएसँगै उपेन्द्र मधेशी राजनीतिको 'अनुहार' बने । उनलाई मधेशका 'मसिहा' भन्न थालियो । फोरमको उदयसँगै कांग्रेस, एमाले, सद्भावना पार्टीको पृष्ठभूमिका नेताहरू पनि फोरमतिर आकर्षिक हुन थाले । एकातिर फोरम फैलँदै थियो भने अर्कोतर्फ जन्मसँगै विभाजन र फुटको बीजारोपण भइसकेको थियो । त्यो फुटको बीज कति झाँगिँदै गयो भने, यो पार्टी कैयौं पटक विभाजित भयो । पदीय लाभ र सत्ताका लागि पार्टी विभाजन एवं अदलबदल गर्नु सामान्य हुँदै गयो ।

हुन त मुलुकको समग्र राजनीति नै मुद्दामुखी नभई सत्तामुखी हुँदै गएको आजको यथार्थ हो । यो रोग कमबेसी सबैतिर छ । यद्यपि, मधेशी राजनीतिक वृत्तमा यो रोग बढी नै देखियो । पछिल्लो आम निर्वाचनमा मधेशी दलको क्षयीकरणको मुख्य कारण यही थियो । यही पृष्ठभूमिमा जनमत पार्टीका सीके राउतको उदय भएको हो । २०६४ मा उपेन्द्रलाई मधेशको 'मसिहा' ठान्ने जनमत अहिले सीकेतिर आकर्षित छ । अर्थात् मधेशी राजनीतिमा उदाउँदै गरेका सीके र मधेश आन्दोलनको 'ब्रान्ड' बोकेका उपेन्द्रबीच मधेशको 'मसिहा' बन्ने होड चलेको छ ।

**उपेन्द्र भर्सेस सीके**

उसो त उपेन्द्र र सीके दुवैको राजनीतिक पृष्ठभूमि विवादमुक्त छैन । यादव अन्तरिम संविधान जलाएर राजनीतिमा चर्चामा आए र त्यससँगै उनको राजनीतिक उत्थानको यात्रा सुरु भयो । एमाले हुँदै कुनै बेला माओवादी निकट मानिने उनलाई संशयपूर्ण नजरले पनि हेरिन्थ्यो । पछि गौर हत्याकाण्डमा पनि उनको नाम मुछियो ।

सीके त झन् 'बेग्लै मधेश राज्य' को माग गर्दै पृथकतावादी मनसुवा बोकेर राजनीतिमा प्रवेश गरेका व्यक्ति हुन् । अतिवादी सोचका कारण उनी दर्जनौं पटक पक्राउ परे, राजद्रोहको मुद्दा नै खेपे । आफूले उठाएको विखण्डनको मुद्दामा कहींकतै समर्थन र सहानुभूति नभेटेपछि अन्तत: ती विवादास्पद गतिविधि त्यागँदै मूलधारमा आएका सीकेले पार्टी गठन गरेको चार वर्षमै उल्लेख्य सफलता प्राप्त गरेका छन् । २०७५ साल चैत ४ गते स्थापना भएर पहिलो पटक आम निर्वाचनमा होमिएको सीके नेतृत्वको जनमत पार्टीले राष्ट्रिय दलको मान्यता पाएको छ ।

उता उपेन्द्र नेतृत्वको जसपा शृंखलाबद्ध फुट र विभाजनपछि खुम्चँदै गएको छ । पहिलो संविधानसभामा मधेशी जनअधिकार फोरम ५४ सिटसहित बलियो क्षेत्रीय राजनीतिक शक्तिका रूपमा उदाएको थियो । पहिलो संविधानसभाको शक्ति सन्तुलनमा फोरमसहितका मधेशी दलको उपस्थिति प्रभावशाली थियो । तर, दोस्रो संविधानसभा हुँदै दोस्रो आम निर्वाचनसम्म पुग्दा यी दल र तिनका नेता खिइँदै गएका छन् ।

२०६३ पछि मधेशी राजनीतिक वृत्तमा छाएका जति पनि नेताहरू छन्, तिनको साख र विश्वसनीयताको धरातल यतिबेला कमजोर छ । कतिपय स्थापित नामहरू भ्रष्टाचारको दाग लागेर किनारा भइसकेका छन् । सबैभन्दा शीर्ष नेता महन्थ ठाकुर राजनीतिक उत्तरार्द्धमा छन् । मधेश आन्दोलनको 'अनुहार' मानिएका उपेन्द्र राजनीतिक अवसरवादका प्रतीक बनेका छन् । जातीय संकीर्णवादको घेरामै रमाउने आरोप लाग्ने गरेका उनको सत्ताका लागि जस्तो सम्झौता गर्न पनि पछि नपर्ने चरित्र बनेको छ । उनमा त्यो चरित्र कति छ भन्ने देखाउन पछिल्लो ५/६ महिनायताका सन्दर्भ नै काफी छन् । यसबीच उनी कहिले कांग्रेस-माओवादी गठबन्धन छोडेर एमालेसँग कुम जोड्न पुगे । चुनावपछि माओवादी-एमालेसँग मिलेर सरकार गठन गर्न पुग्दा त्यहीं पुगेका उनी अहिले कांग्रेससहितको गठबन्धनमा पनि सत्ता-लाभ लिन पछि परेका छैनन् । उपेन्द्र सत्ता राजनीतिमा पारङ्गत हुँदै जाँदा उनको मुद्दा र मैदानसँगको नाता टाढिँदो छ ।

यहींनेर सीकेले आफ्नो राजनीति फल्ने/फुल्ने अवसर देखेका छन् । उपेन्द्रका कमजोरीबाट कसरी लाभ लिन सकिन्छ भन्ने उनको ध्याउन्न छ । जसरी उपेन्द्र सत्तामा जान हतारिएका देखिन्छन्, सीकेमा त्यो हतारो छैन । उनले पार्टीका अरू सदस्यलाई सरकारमा पठाए पनि आफूलाई राजनीतिक रूपमा स्थापित गर्न खोज्दै छन् । उपेन्द्र जब सत्ताबाहिर हुन्छन्, तब मात्रै उनलाई मधेश आन्दोलनको स्मरण हुन्छ, मधेशका मुद्दा सम्झिन्छन् । सीके जब-जब संसद्को रोस्ट्रममा उभिन्छन्, खास मुद्दा अघि सार्छन् । कृषि, मलखादका समस्यामाथि उनी निरन्तर बोलिरहेका छन् । यसले कहीं न कहीं उनलाई मधेशका मुद्दासँग जोडिराखेको छ । संसद्को रोस्ट्रममा उभिएर मधेश आन्दोलनका सहिदप्रति मौनधारण गरेर उनले 'सेन्टिमेन्ट' आफूतिर आकर्षित गर्न खोजे । खासमा उनी आफ्नो विगतको विवादित छवि रूपान्तरणको अभियानमा छन् । संसद् अथवा विभिन्न अन्तर्वार्ताहरूमा उनी शालीन र तर्कपूर्ण शैलीमा प्रस्तुत हुँदा 'के यी तिनै राउत हुन् जो राज्यविप्लवको अतिवादी र आपत्तिजनक सोच पाल्थे ?' भनेझैं लाग्छ ।

मधेशमा एउटा तप्काचाहिँ अझै छ, जो सीकेलाई संशयपूर्ण नजरले हेर्छ । उनीसँगको अभियानमा जोडिएका कतिपय नेता-कार्यकर्ताले नातावाद, कृपावादको आरोप लगाएर उनलाई छाडेका उदाहरण पनि छन् । उपेन्द्रका समर्थकहरू त झन्, उनलाई विदेशी शक्तिकेन्द्रको उत्पादन ठान्छन् । उपेन्द्र निकट एक नेता दाबी गर्छन्, 'भारतले उपेन्द्रलाई घेराबन्दी गर्न विगतमा महन्थ ठाकुर, जेपी गुप्ता, राजेन्द्र महतोलाई अघि सारेजस्तै अहिले सीकेलाई प्रयोग गरिरहेको छ ।'

विदेशी शक्तिस्वार्थको चपेटामा सिङ्गो नेपाली राजनीति छ । मधेशी नेताहरू त्यसबाट मुक्त छैनन् । तर, उपेन्द्रको राजनीति ओरालिएको उनको आफ्नै कारणले हो । सत्ताकांक्षामा उनी यति ग्रस्त छन् कि, आन्दोलन र मुद्दासँग उनको अब सरोकार रहेन । ती सत्ता उक्लिने भऱ्याङ मात्रै बने । अहिले पनि उनी जसरी उच्च राजनीतिक तहबाट सेटिङ गरेर संसद् छिर्ने दाउपेच खेल्दै छन्, त्यो त्यसैको एउटा कडी हो ।

सत्ताप्राप्ति नेपाली राजनीतिमा सफलताको मानक बन्दै गएको छ । जसरी पनि सत्ताप्राप्तिको मनसुवा उपेन्द्रमा सायद त्यसैकारण जागेको हो । तर, जब कोही नेता जनमत र मुद्दासँग टाढिन्छ, उसको राजनीतिले सार्थकता पाउँदैन । अहिले मधेशी राजनीतिमा एकातिर सत्ता दाउपेचमा पारङ्गत उपेन्द्र छन् भने अर्कोतिर राजनीतिक रूपान्तरणतर्फ बढेका सीके । यी दुवै सामान्य पारिवारिक पृष्ठभूमिबाट आएका नेता हुन् । एउटासँग आन्दोलनको विरासत छ, अर्कोसँग बौद्धिक व्यक्तित्वको छवि । एउटा परीक्षण भइसकेका छन् र अर्को परीक्षण हुने क्रममै छन् । एउटासँग 'शंकाको सुविधा' छ अर्कोसँग साख फर्काऊने चुनौती अब हेर्नु छ, आगामी दिनमा यीमध्ये को मधेशी राजनीतिको असली 'सिकन्दर' कहलिन्छ ? *(साभार: ई-कान्तिपुर)*

# न्याय माग्न आएका मिटरब्याज पीडितलाई खुलामञ्चको ढोका बन्द



काठमाडौं/मधेश प्रदेशबाट १२ दिनसम्म पैदल हिँडेर राजधानी आइपुगेका मिटब्याज पीडितहरुको चाहना छ, काठमाडौंको खुल्लामञ्चबाट सबैले सुन्ने गरी पीडा अभिव्यक्त गर्ने । तर, सोमबार जनताको मञ्च भनेर चिनिएको खुलामञ्चमा पस्न लाग्दा उनीहरुमाथि काठमाडौं महानगर पालिका नै जाइलाग्यो ।

सिंहदरबारलाई आफ्ना दुःख बेदना सुनाएर न्याय पाउने आशामा आएका उनीहरुलाई बागदर बारले रोक्यो । वीर अस्पताल अगाडिबाट खुलामञ्च प्रवेश गर्न खोज्दा काठमाडौं महानगरपालिकाको नगर प्रहरी खुलामञ्चको गेटमा चाबी लगाएर धक्कामुक्कीमा उत्रियो ।

मिटरब्याज पीडितले मेयर बालेन शाहविरुद्ध नाराबाजी गरेका थिए । खुलामञ्चमा विरोध कार्यक्रम गर्न आइतबार नै महानगरका मेयर र जिल्ला प्रशासन कार्यालयमा अनुमति माग गरेको तर सुनुवाइ नभएको मिटरब्याज पीडितहरुले बताएका छन् ।

खुलामञ्च प्रवेश गर्न नदिएपछि उनीहरु वीर अस्पताल अगाडिको ४ घण्टाभन्दा बढी सडकमै बसेर प्रदर्शन गरे । सानो गर्जो टार्न साहुसँग लिएको ऋृणका कारण घर खेत लुटिएर न्याय माग्न आउँदा पनि खुल्लामञ्चमा बस्न नदिएको मिटर ब्याज पीडित संघर्ष समितिका संयोजक मनोज पासवानको गुनासो छ ।

१५ वैशाख २०७८ देखि खुलामञ्च खाली छ । महानगर पालिकाले अहिले खुल्लामञ्चको फलामे बारमा रङ लगाएर मैदानमा सम्याएको छ । नगर प्रहरीसँगको सेटिङमा कहिलेकाहीँ खुलामञ्चभित्र सवारी पार्किङ हुने गरे पनि सर्वसाधारणलाई प्रवेश दिइएको छैन । 'चौर फोहोर हुन्छ' भनेर बन्द राखिएको खुलामञ्चमचा भूमिगत पार्किङ बनाउन अहिले नगर विकास कोषले डीपीआर तयार गर्दैछ ।

खुला रुपमा सर्वसधारणको समय विचरण गर्ने ठाउँका रुपमा रहेको खुलामञ्च २०७२ को मंसिर पछि महानगरको अतिक्रमणको शिकार बनेको थियो । पुरानो बसपार्कमा टावर बनाउन अनुमति पाएको ठेकेदार कम्पनीले चार वर्षसम्म खुलामञ्चको एक तिहाइ भाग ओगटेर बसपार्क चलायो । सटर बनाएर भाडामा लगाउने प्रयास गऱ्यो ।

यो बीचमा महानगरले खुलममञ्चभित्रै वीर अस्पताल र दरबार हाइस्कुलको भवन बनाउने ठेकदार कम्पनीलाई गोदाम र क्रसर चलाउन पनि दियो । खुला टुँडिखेल माग गर्दै 'अुकपाइ टुँडिखेल' आन्दोलनपछि खुलामञ्च खाली गरिएको थियो । जनताले सार्वजनिक उपयोग गर्दै आएको खुला मञ्चका गेटहरुमा त्यसपछि महानगरको ताल्चा झुन्डिएका छन् ।

महानगर स्रोतका अनुसार आगामी १५ र १६ गते देशभरका न्यायिक समितिको राष्ट्रिय सम्मेलनका लागि ६०० वटा गाडी पार्किङ गर्ने योजनासहित खुला मञ्चमा महानगरले प्रवेश नदिएको हो । उनीहरुले समयमै आन्दोलनबारे जानकारी पनि नदिएको र राष्ट्रिय सम्मेलनका लागि पाहुनाहरुको सवारी पार्किङ गर्ने ठाउँ पनि बिथोलिने भएपछि रोक्नु परेको स्रोतले बतायो ।

'मिटरब्याज पीडितहरु आन्दोलनका लागि महिनौं खुला मञ्च कब्जा गरेर बस्ने जानकारी छ', महानगरका एक प्रहरी अधिकारीले भने, 'बिप्लब माओवादीसहित विभिन्न दलले यो आन्दोलनको नेतृत्व गरेकाले मिटरब्याज पीडित घुसेपछि अरु पनि यसमा घुस्न सक्ने देखेपछि रोकिएको हो ।' कार्यक्रमका नाममा अब खुलामञ्च खुला नराख्ने महानगरको नीति छ । यसमा महानगरलाई अतिक्रमण हुनसक्ने र हटाउन सकस हुने डर छ ।

**राजाले खाली राखेको मञ्चमा जनतालाई निषेध**

खुलामञ्च बन्द हुँदा काठमाडौं महानगरमा नागरिक आन्दोलन, शान्तिपूर्ण प्रदर्शन, अधिकारको आन्दोलन लगायत गर्ने स्थानको अभाव छ । खुलामञ्च २०३६ सालको जनमत संग्रह घोषणासँगै राजनीतिक कार्यक्रम गर्ने थलो बनेको थियो । अहिले पनि माइतीघर मण्डला, प्रदर्शनीमार्गजस्ता क्षेत्र साँघुरा भएकाले ठूला कार्यक्रमका लागि खुलामञ्च काठमाडौंमा निर्विकल्प छ ।

कुनै समय काठमाडौंको खुलामञ्च राजनीति गर्नेहरुका लागि 'उर्बरभूमि' नै थियो । २०३६ सालमा जनमत संग्रह घोषणा भएपछि कांग्रेसले आयोजना गरेको कार्यक्रममा बीपी कोइरालाले सम्बोधन गरेका थिए । त्यसपछि खुलामञ्चमा धेरै राजनीतिक कार्यक्रमहरु भए ।

०४६ सालको परिवर्तन पछि कांग्रेस र कम्युनिस्ट नेताहरुले पनि खुलामञ्चबाट नागरिक अधिकार का लागि आवाज उठएका थिए । २०६२/६३ को दोस्रो जनआन्दोलनमा जनताको जित भएको घोषणा पनि यही खुलामञ्चबाट भएको थियो ।

बाह्रबुँदे सम्झौतापछि शान्ति प्रक्रियामा आएको तत्कालीन माओवादी र मधेश आन्दोलनबाट उदाएका मधेश केन्द्रित दलहरुले पनि पटक-पटक यही खुलामञ्च रोजेका थिए । संविधान निर्माणका क्रममा सानो वा ठूलो हरेक विचार समूह वा दललाई आफ्नो आवाज सुनाउने मञ्च बनेको थियो । तर, अहिले खुलामञ्च कुनै दलका कार्यक्रमका लागि त खुला छैन नै, अब त राज्यसँग न्याय माग्ने जनताका कार्यक्रम पनि खुलामञ्चमा निषेध हुन थालेको छ ।

खुला टुँडिखेलका अभियन्ता आलोक तुलाधार सार्वसाधारण नागरिकलाई समेत खुलममञ्चमा प्रवेश नदिएर महानगरले तानशाही प्रवृत्ति देखाएको आरोप लगाउँछन् । पञ्चायती शासनकालमा राजाले बोल्नेका लागि खुला छाडेको खुल्लामञ्चमा काठमाडौंका मेयर बालेन्द्र शाह(बालेन)ले प्रवेश समेत निषेध भन्दै रोष प्रकट गरे ।

'लोकतन्त्रमा अरुलाई असर नपर्ने गरी सार्वजनिक ठाउँमा बसेर न्यायको लागि आवाज उठाउन पाउनुपर्छ, त्यो माथि पनि खुल्लामञ्च त्यहि प्रयोजनको लागि बनेको हो,' उनी भन्छन् । तुलाधरले काठमाडौं महानगरपालिकाले खुल्लामञ्चमा सोमबार गरेको हर्कत असह्य भएको बताए । 'खुल्लामञ्च अधिकार माग्ने थलो हो, जनताका अधिकार वञ्चित गर्ने कुरा सह्य नहुने भन्दै नागरिकको तर्फबाट थप आवाज उठाउने बताए,' उनले भने ।

नागरिक अभियन्ता भास्कर गौतमले काठमाडौं महानगरले रबैया देखाएको बताउँछन् । 'अन्यायमा परेकाहरुलाई खुल्लामञ्चमा महानगरको जुन हर्कत देखाएको छ, त्यसले थप अन्याय गरेको छ', गौतम भन्छन् 'यो सबै राजधानीको मेयरको दृष्टिकोणले समस्या सिर्जना भएको हो । खुल्लामञ्च काठमाडौंको मात्रै होइन, यहाँ राज्यलाई आफ्नो आवाज सुनाउने ठाउँ पनि हो । जनताले खुल्ला ठाउँमा बसेर धर्ना दिन्छु भन्न किन नपाउने ?'

राज्यले हरेक खुल्ला ठाउँलाई बन्धक बनाउन खोजिरहेको भन्दै उनले तर्साएर खुला ठाउँ बन्द गर्नु भत्सर्नायोग्य रहेको बताए । जनताको आवाजलाई निस्तेज गर्नु लोकतन्त्रका लागि घातक रहेको उनको भनाइ छ । 'महानगरले लामो समयदेखि आफ्नो रबैया देखाइरहेको छ, आजको घटना त्यसकै निरन्तरता हो,' गौतमले भने ।

खुल्ला स्थानलाई जनताको पहुँचबाट टाढा राख्नु सहरी व्यवस्थापन र सामाजिक जीवनलाई घातक उनले रहेको बताए । 'महानगरले अन्यायमा परेकाहरुलाई बल प्रयोग गर्नु गलत मानसिकताको पराकाष्ठा हो,' उनले भने ।

काठमाडौं-८ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि सभा सदस्य विराजभक्त श्रेष्ठ मिटरब्याज पीडितमाथि काठमाडौं महानगरपालिकाले गरेको धरपकड गलत भएको बताए । देशकै राजधानीमा रहेको महानगरले न्याय माग्न आएका पीडितहरुलाई सहयोग उनले बताए ।

'स्थानीय तहमध्ये काठमाडौं महानगरपालिकालाई मर्यादा क्रममा देशकै पहिलो नम्बरमा राखिन्छ, देशभरिका समस्या लिएर काठमाडौंमा आउनेहरुको पनि आवाज महानगरले सुन्नुपर्छ', उनले भने, 'सम्मान दिएर मानवीय व्यवहार गर्नुपर्छ, बल प्रयोग हुनु दुःखद् हो ।' खुलामञ्च सबैको साझा सार्वजनिक स्थान भएकाले महानगरले रोक्न नमिल्ने उनको तर्क छ ।

काठमाडौं महानगर पालिकाका मेयर बालेन्द्र साहले भने मिटरब्याज पीडितलाई खुलामञ्चको सट्टा शान्तिवाटिकामा बस्ने प्रस्ताव गरेको दाबी गरेका छन् । सामाजिक सञ्जालमार्फत महानगरपालिकाका मेयर बालेन साहले मिटरब्याज पीडितलाई पशुपति धर्मशालामा बस्न आग्रह गरेको, तर नमानेको बताएका छन् ।

मेयर बालेनले मिटरब्याज पीडितप्रति ऐक्यवद्धता रहेको भन्दै उनीहरुको माग पूरा गर्न सरकारलाई आग्रह पनि गरेका छन् । 'हामी चाहन्छौं यस्तो अवस्था मा काठमाडौं कोही आउन नपरोस्, गाउँ-गाउँमा सरकार पुगोस्' बालेनले लेखेका छन् । खुल्लामञ्चमा न्यायिक समितिको सम्मेलनको पार्किङका लागि प्रवेश दिन नचाहेको विषय भने बालेनले उल्लेख गरेका छैनन् ।

*(स्रोत: अनलाइनखबर)*

# भुवन केसी 'एफएनएन लेजेन्डरी आइडल'को उपाधिबाट सम्मानित



काठमाडौं/चलचित्र विकास बोर्डका अध्यक्ष तथा अभिनेता भुवन केसीलाई फेसन नेटवर्क नेपाल नामक संस्थाले 'एफएनएन लेजेन्डरी आइडल' उपाधिबाट सम्मान गरेको छ । क्लब टेनएक्ससँगको सहकार्यमा गत शनिबार काठमाडौंमा भएको 'फेसन गाला नाइट' कार्यक्रममा भुवन केसीलाई नेपाली फिल्म क्षेत्रप्रतिको समर्पण, प्रतिबद्धता तथा सफलताको कदर गर्दै उक्त उपाधिसहित सम्मान गरिएको हो ।

सम्मान प्राप्त गरेपछि अभिनेता केसीले आफ्नो योगदानको कदर गर्दै सम्मान गरेकोमा आयोजक संस्थालाई धन्यवाद दिँदै राज्यका विभिन्न तह र तप्कासँगै निजी क्षेत्रले पनि समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनेलाई सम्मान गर्ने बानीको विकास हुँदै गएकोमा खुसी व्यक्त गरे । यस प्रकारका सम्मानहरुले एकअर्काबीचको भाइचारा र सम्बन्धहरुलाई थप मजबूत बनाउने उनको भनाई छ ।

उक्त कार्यक्रममा ब्यूटिसियन कमला श्रेष्ठ, पूर्व मिस नेपाल रुबी राणा, कोरियोग्राफर रचना गुरुङ (शर्मा), फोटोग्राफरत्रय राजभाई सुवाल, गौतम धिमाल र महेश प्रधान, फेसन डिजाइनरद्वय मुक्ता श्रेष्ठ र रमिला नेमकुल, कस्ट्युम डिजाइनर राजेश धाखवा, फेसन एजुकेटर ज्ञानी शोभा तुलाधर, सञ्चार उद्यमी पूजा मानन्धर र रनवे साउन्ड डिजाइनर भाइटललाई पनि सम्मानित गरिएको थियो ।

फेशन तथा सौन्दर्यको क्षेत्रमा काम गर्ने प्लेटफर्म रुपमा स्थापना भएको फेसन नेटवर्कको उद्देश्य नेपालको फेसन उद्योगका सम्पूर्ण सरोकारवालाहरूलाई सशक्तिकरण गर्ने, विकास गर्ने र उनीहरूलाई फस्टाउन सक्ने पारदर्शी र सहयोगी फेसन उद्योगको निर्माण गर्ने रहेको सञ्चालक तथा अभिनेता प्रशान्त ताम्राकारले जानकारी दिए । उनी चर्चित फेसन कोरियोग्राफरसँगै मोडल समेत हुन् ।

# 'कामिनो'मा कलाकारको भीड, भित्रिए भोलादेखि रविन्द्रसम्म




काठमाडौं/दीपक वलीको निर्देशनमा बन्न लागेको फिल्म 'कामिनो'मा नाम चलेका कलाकार हरुको ठूलो भीड हुने भएको छ । फिल्ममा प्रदीप खड्का, सौगात मल्ल, राजबल्लभ कोइराला, वर्षा सिवाकोटी र नीति शाह भित्रिसकेको अवस्थामा सोमबार थप पाँच जना कलाकारहरु भोलाराज सापकोटा, रविन्द्र झा, प्रविण खतिवडा, कुलबहादुर अधिकारी र आइपी आचार्य अनुबन्धित भएका छन् ।

फिल्ममा कलाकारको लाइनअप अब लगभग पूरा भएको निर्देशक वलीले जानकारी दिए । 'कामिनो'को कार्यकारी निर्माता सुनिल विष्ट गौली हुन् भने पटकथा तथा संवाद महेश दवाडीको हो ।

फिल्मको छायांकन नेपालका साथै ल्याटिन अमेरिकाका विविध स्थानमा हुनेछ । केही दिनअघि प्रदीप, नीति र वर्षाले वर्कसपमा बसेर स्क्रिप्ट र आ-आफ्नो चरित्रको बारेमा छलफल गरेका थिए ।

सौरभ लामाको छायांकन, एसडि योगी र एलिस कार्कीको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने फिल्ममा पूर्ण लामा क्रियटिभ डिरेक्टर र दिनेश प्रकाश महरा प्रोडक्शन डिजाइनरमा छन् । नेपालीसँगै हिन्दी, अंग्रेजी र स्पेनिस भाषामा रिलिज हुने फिल्मको चरित्रको माग बमोजिम प्रदीपले आफ्नो कपाल लामो बनाएका छन् । फिल्ममा उनको भूमिका केही पृथक रहेको बताइएको छ ।

# 'मिरा: स्याडो अफ अ रेन्बो'को मुहूर्त

काठमाडौं/अनिता पण्डितले लेखन र निर्देशनमा फिल्म 'मिरा : स्याडो अफ अ रेन्बो' निर्माण हुने भएको छ । सोमबार काठमाडौंको मैतिदेवी मन्दिरमा क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गर्दै फिल्मको मुहूर्त गरिएको छ । एक बच्चामा देखिएको अस्वभाविक मानसिक स्थिति (अटिजम)को समस्या र कसैसँगको प्राइभेट सम्बन्धलाई समाजमा देखाउन खोज्ने एक आमाको संघर्षमा फिल्म आधारित रहनेछ ।

यसै साताबाट छायांकन सुरु हुने फिल्ममा सुरविना कार्की, निशान चौहान, कैलाश रावल र रोशनी कार्कीको मुख्य भूमिका रहनेछ । आश्विव फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मको लाइन प्रोड्युसरमा शंकर कार्की रहेका छन् । एलिश कार्कीको संगीत र अनिल कटुवालको डिओपी रहने फिल्मको टेक्निकल हेडमा अनिल कटुवाल छन् भने प्रोडक्शन डिजाइनरमा प्रकाश हमाल छन् ।

निर्देशक पण्डितले एक बच्चाको अटिजम समस्या र रिलेशनसिपलाई उजागर गर्न चाहने एक आमाको संघर्षको कथामा फिल्म बन्ने जानकारी दिइन् । उनले भनिन्, 'प्राकृतिक रुपमा नै फरक महशुस गर्ने महिलाहरुको कथा समेत फिल्ममा छ । बच्चाको अटिजम समस्या र रिलेशनसिप एक्सप्लोर गर्न चाहने आमाको कथा यसको मुख्य कथा हो ।' पण्डित पेशाले भने आइटी इन्जिनियर हुन् ।

अभिनेत्री सुरविना कार्कीले आफूलाई प्रस्ताव गरिएको भूमिका भिन्न लागेकाले काम गर्न तयार भएको बताइन् । त्यस्तै, अभिनेता निशान चौहानले फिल्मको कथाले समाजमा नयाँ सन्देश दिने विश्वास व्यक्त गरे । उनले फिल्ममा आफ्नो भूमिका फरक रहेको पनि बताए । अर्का अभिनेता कैलाश रावल भूमिकाको हिसाबले आफ्नो लागि यो फिल्म चुनौती र अवसर दुवै रहेको बताउँछन् ।

# देशका सबै मालपोत कार्यालय अब विद्युतीय प्रणालीमा




काठमाडौं/सरकारले मुलुकका सबै मालपोत कार्यालयलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने भएको छ ।

मालपोत कार्यालयमा लागू भएको भू-राजस्व सूचना प्रणालीबाट सबै मालपोत कार्यालय जोडिने र यसबाट सेवाग्राहीले सहजरुपमा सेवा पाउने तथा अभिलेख प्रणाली व्यवस्थित हुनेछ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा.दामोदर रेग्मीले विद्युतीय प्रणालीमा आबद्ध नभएका कार्यालयलाई वैशाख २ र आगामी असार मसान्त गरी दुई चरणमा यो काम सम्पन्न गर्न निर्देशन दिइसकेको जानकारी दिए ।

भूमि व्यवस्थापन विभागका महानिर्देशक पद्मनिधि सोतीले सबै कार्यालयले विद्युतीय सूचना प्रणालीको प्रयोग गरी सेवा प्रवाहलाई चुस्त र सदाचारयुक्त बनाउन प्रयास भइरहेको बताए ।

मन्त्रालयका सचिव सहितका पदाधिकारीको सहभागितामा भर्चुअल प्रणालीबाट सञ्चालित कार्यक्रममा विभागका सूचना प्रविधि निर्देशक राजकुमार महर्जनले सूचना प्रविधिको प्रयोगमा आउने प्राविधिक समस्या विभागले तत्काल सम्बोधन गर्ने विश्वास दिलाए ।

पछिल्लो समय मन्त्रालयले मालपोत र नापी कार्यालयका कर्मचारीसँग नियमित सम्पर्क गरी काम चुस्त बनाउन समन्वय संयन्त्रलाई प्रभावकारी बनाउन जुममार्फत सचिवसँग कार्यालय प्रमुख कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

बैंकमा जग्गा रोक्का राख्ने प्रणाली पनि अब अनलाइनबाटै हुने भएको छ । विभागले यसअघि मेगा बैंकसँग यस्तो सम्झौता गरेकामा अव प्राइम बैंक, कर्मचारी सञ्चय कोष, राष्ट्रिय वाणिज्य बैंक र अरु बैंक पनि यसमा आबद्ध हुँदै गएको जानकारी दिइएको छ ।

# सबै सरकारी वेबसाइटको पुराना लिंक हटाउन प्रधानमन्त्री कार्यालयको निर्देशन




काठमाडौं/प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सरकारी निकायका वेबसाइटहरुमा रहेका पुराना वेबपेजका सामग्री र लिंक हटाउन निर्देशन दिएको छ ।

कतिपय सरकारी निकायले नयाँ वेबसाइट बनाउने क्रममा पुराना साइटमा रहेका डेटाहरु नयाँ साइटमा स्थानान्तरण नगरेको कारण सर्भरमा भार तथा साइबर सुरक्षामा अत्यधिक जोखिम रहेकोले ती लिंक, फाइललगायतका सामग्रीहरु हटाउन निर्देशन दिएको हो।

प्रधानमन्त्रीका आइटी विज्ञ प्रकाश रायमाझीले नयाँ वेबपेज बनाउँदा पुराना वेबसाइटका फाइल, डेटावेसलगायतका सामग्रीहरु स्वतः स्थानान्तरण गर्नुपर्नेमा त्यसो नगरिएकोले निर्देशन दिनु परेको बताए ।

'यसरी पुरानो वेबसाइटमा जानुहोस् भनेर फाइल र लिंक राख्ने परिपाटीले एकातिर डेटा सर्भरमा भार पर्ने, व्याण्डविथ खपत भइरहने र अर्कोतर्फ पुराना वेबपेजहरुमार्फत् सुरक्षा जोखिम उच्च हुने सम्भावना रहन्छ । यसले आर्थिक तथा प्राविधिकरुपमा समेत ठूलो अर्थ राख्ने भएकोले निर्देशन दिइएको हो।' उनले भने ।

सरकारका विभिन्न निकायले निजी क्षेत्रका प्राविधिक सेवा दिने कम्पनीहरुसँग परामर्श सेवा लिएर वेबपेज निर्माण गरेको हुँदा समयमै अपडेट नहुने, निकायपिच्छे नै सुरक्षा जोखिम रहने अवस्था भएकाले प्रधानमन्त्री कार्यालयले एउटै वेब टेम्प्लेट प्रयोगका लागि समेत तयारी गरिरहेको उनले बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# 'र्‍याप स्टार' बन्ने दौडमा थाहाका विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/र्‍याप गीतमा आधारित रियालिटी सो 'र्‍याप स्टार'मा जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको युवा सिँढि चढ्दैछन् ।

थाहा नगरपालिका घर भएका १९ वर्षीय सफल विष्ट 'र्‍याप स्टार'मा ७ हजारबाट छानिएर उत्कृष्ट १६ सम्म आइपुगेका छन् । थाहा-२ फाँटबजारका बासिन्दा उनी हाल काठमाडौं, कलंकीमा १२ कक्षामा अध्ययनरत छन् । सानैदेखि र्‍याप गायनमा शौखिन सफल विष्टलाई ओएसआर रियालिटी युट्युब च्यानलले सुरु गरेको र्‍याप स्टार रियालिटी शो एउटा ऐतिहासिक अवसर बनेको छ, जहाँ उनले अहिलेसम्म सफलता प्राप्त गरिरहेका छन् । विष्टले आफू लगातार प्रतिष्पर्धामा उकालो लागिरहेको र अब भोटिङ राउण्ड सुरु भएकोले भोटका लागि सम्पूर्णलाई आग्रह गरे । गत ६ फागुनबाट सुरु भएको र्‍याप रियालिटी शोको अहिलेसम्म १२ एपिसोड प्रशारण भइसकेको छ ।

जहाँ ७ हजार बाट ३ सय, ३ सय बाट १ सय २०, १ सय २० बाट ६० र ६० जनाबाट १२ हुँदै सफल अब्बल सावित हुँदै गइरहेका छन् । उनी रियालिटी शोमा




बि-सफको नामबाट परिचित छन् । आदित्य विक्रम अछामीको निर्देशनमा बनेको रियालिटी सोमा गिरिश खतिवडा, मिस्टर डी (सन्दीप विष्ट), एजे (अभिजीत भण्डारे) निर्णायक छन् । यो कार्यक्रम शनिबार र आइतबार स्पेस फोरके टेलिभिजनबाट पनि प्रसारण हुन्छ । निर्णायकहरुले सफलको खुलेर प्रशंसा गरिरहेका छन् । तर, अबको राउण्ड भोटिङमा आधारित भएकोले सफललाई निर्णायको भन्दा भोट गर्ने सहयोगीहरुको बढी आवश्यकता रहेको छ । भोटिङ राउण्डमा प्रत्येक हप्ता २ जना 'आउट' हुने सफलले बताए ।

प्रतियोगितामा हालसम्म प्रस्तुत गरेका गीतहरु सफल आफैंले लेखेका छन् । उनको शब्द, भाव र प्रस्तुतीले निर्णायकहरुलाई बढी तानेको देखिन्छ । पछिल्लो प्रस्तुति थाहानगरका कृषकहरुले भोगिरहेको समस्यामा केन्द्रित हुने सफलले बताए । 'म मकवानपुरेको छोरा हुँ, मलाई साथ दिनुस्,' उनले भोटिङका लागि अग्रिम अपिल गरेका छन् । सफललाई भोट गर्नका लागि मोवाइल फोनमा गुगल प्ले स्टोरबाट ओएसआर कनेक्ट एप डाउनलोड गर्नुपर्छ । उक्त एप खुलेपछि र्‍याप स्टार रियालिटी शोमा सफलको फोटो देखिन्छ । उक्त फोटोमा क्लिक गरेपछि भोट गर्ने प्रक्रिया अघि बढ्ने सफलले बताए ।

# थाहाको बाल विकास निर्देशन समिति पुनर्गठन



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/थाहा नगरपालिकामा प्रारम्भिक बाल विकास निर्देशन समिति पुनर्गठन गरिएको छ । प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग र एकीकृत ग्रामीण विकास सेवा मकवानपुरको सहकार्यमा सञ्चालित बाल सपना परियोजनाअन्तर्गत् १३ चैतमा सम्पन्न एक कार्यक्रममा बाल विकास निर्देशन समिति पुनर्गठन गरिएको हो ।

समितिको अध्यक्षमा नगर प्रमुख विष्णुबहादुर विष्ट रहेका छन् भने सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे रहेका छन् । सदस्यहरुमा नगर उपप्रमुख भरत गोपाली, कार्यपालिका सदस्य पवित्रा ठकुरी, शिक्षा शाखा प्रमुख माधवबिक्रम मल्ल, सामाजिक शाखा प्रमुख अनिल लामिछाने, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान र बालमैत्री स्थानीय शासन सहजकर्ता कुमार नेगी रहेका छन् । एकीकृत ग्रामीण विकास सेवा मकवानपुरको प्रतिनिधिलाई समिति सदस्यमा मनोनित गरिएको छ ।

नगरप्रमुख विष्टको अध्यक्षतामा बसेको निर्देशक समितिको बैठकले थाहा नगरपालिकाको एकीकृत प्रारम्भिक बालविकास रणनीतिको मस्यौदालाई कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरेको सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत घिमिरेले जानकारी दिए । मस्यौदाको अन्तिम रुप दिन शिक्षा शाखाप्रमुख माधवबिक्रम मल्लको संयोजकत्वमा मेघराज बलामी, अनिल लामिछाने, कुमार नेगी, प्रतिमा मोक्तान र सुरजकुमार भुजेल सदस्य रहेको टिम बनाइएको छ । कार्यक्रममा एकीकृत ग्रामीण विकास सेवा मकवानपुरका सचिव मीनराज पौडेल, कार्यक्रम संयोजक संजीवकुमार जोशी, सामाजिक परिचालक मनिता कार्की, गंगा सापकोटालगायतको सहभागिता थियो ।

# खाद्य सुरक्षादेखि व्यवहार परिवर्तनसम्बन्धी अध्ययन सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ग्रामीण महिला सेवाकेन्द्रले जिल्लाको विभिन्न पालिकास्थित वडाहरुको ३ सय ९० घरपरिवारमा खाद्य सुरक्षा, लैगिंकहिंसा बालविवाह र व्यवहार परिवर्तन सन्चारसम्बन्धी अध्ययन तथ्य सार्वजनिक गरेको छ ।

अध्ययनमा सहभागीमध्ये अझै पनि ३ दशमलव ६ प्रतिशतले खुला ठाउँमा दिशा गर्ने गरेको पाइएको छ । नेपाल खुला दिशामुक्त घोषणा भैसक्दा पनि अझै सबै सर्वसाधारणको शौचालय पहुँच नभएको यो अध्ययनले देखाएको छ । यसैगरी अध्ययनमा सहभागीमध्ये ५ दशमलव ४ प्रतिशत खुल्ला स्थानको पानी पिउने गरेका छन् । कृषि क्षेत्रमा संलग्नलाई सबैभन्दा ठूलो समस्या बीउ/मल समयमा उपलब्धता नभएको पाइएको अध्ययनकर्ता दीप न्यौपानेले बताए । उनीहरुमध्ये १० प्रतिशतलाई मात्रै बर्ष दिनसम्म खान पुग्ने ४५ प्रतिशतलाई ३ महिना मात्रै खान पुग्ने अध्ययनको क्रममा पाइएको न्यौपानेले बताए ।

यसैगरी ४४ प्रतिशत महिलाले घरायसी निर्णय प्रक्रियामा आफ्नो आंशिक सहभागीता हुने गरेको र ५६ प्रतिशतले पूर्ण सहभागीता हुने गरेको बताए । ३५ प्रतिशत महिला अझै सहकारीको आर्थिक कारोबार गर्नबाट बन्चित देखिएको छ ।



'सहकारीमा महिलाको पहुँच छ, तर अझै धेरै सुधार आवश्यक छ', न्यौपानेले भने । ७१ प्रतिशत परिवारले मासिक औषत २ हजार रुपैयाँ मादकपदार्थ सेवनमा खर्च गर्ने गरेको अध्ययनमा पाइएको थियो । यसैगरी अध्ययनमा सहभागीमध्ये ६१ प्रतिशत पुरुष, १८ महिला र १० महिला पुरुष दुवैको जग्गा स्वामित्व रहेको तथ्यांक सार्वजनिक गरिएको थियो ।

सानै समूहमा गरिएको अध्ययनले पनि एक प्रकारको प्रक्षपण पाइएको भन्दै विश्लेषक डा. राजु क्षेत्रीले स्थानीय तथा प्रदेश सरकारले अभिभावकत्व गर्नुपर्ने बताए । परिवारको आर्थिक निर्णय २१ प्रतिशत महिलाले लिने गरेको अध्ययनले देखाएको क्षेत्रीले बताए । समाजमा बालबिबाहको घटना कस्तो छ भन्ने सवालमा ७८ प्रतिशतले बालविवाह हुने गरेको जवाफ दिएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख ललित घलानले खाद्य सुरक्षा र उत्पादन बजारीकरण प्रभावकारी नहुँदा समस्या भएको बताए । तालिम लिने र छोड्ने परम्परा छोडेर तालिम र सीपलाई व्यवसाय र जीविकोपार्जनमा जोड्नु पर्ने घलानाले बताए ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले जग्गा बाँझो राखेको कारण खाद्य असुरक्षा बढेको बताउँदै परिवारको एक सदस्य वैदेशिक रोजगारमा गएपछि गाउँ छोड्ने गलत परिपाटीको कारण पनि समस्या भएको औंल्याए । गैसस मकवानपुर अध्यक्ष रमिला सापकोटाले स्थानीय तहहरुले समन्वयकारी भूमिका निर्वाह गर्दै हिंसा न्यूनीकरण, बालमैत्री स्थानीय शासन दीगो कार्यान्वयन गर्नुपर्ने बताइन् । कार्यक्रम ग्रामीण महिला सेवाकेन्द्र अध्यक्ष सुलोचना स्याङ्तानको सभाध्यक्षतामा भएको थियो ।

# हेटौंडाका बस्ती निकुञ्जबाट हटाउनुपर्छः श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/बागमती प्रदेशका पूर्वश्रम रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठले हेटौंडा उपमहानगरपालिकाको बस्ती क्षेत्रलाई पर्सा राष्ट्रिय निकुञ्जबाट हटाउनुपर्ने बताएका छन् ।

घना बस्तीलाई निकुञ्जको सीमाभित्र राख्दा सुरक्षाको दृष्टिकोण तथा विकास निर्माणको दृष्टिकोणबाट पनि नमिल्ने देखिएको हुँदा निकुञ्जले तत्कालै हेटौंडाको पदमपोखरी, चुरियामाईसहितका क्षेत्रलाई 'बफर जोन' क्षेत्रबाट हटाएर नयाँ सिमा लागू गर्नुपर्ने श्रेष्ठले बताए । सोमबार हेटौंडा-१३ का स्थानीय बासिन्दासँगको अर्न्तक्रियामा बस्तिभित्र निकुञ्जको क्षेत्र हुनु वैज्ञानिक नरहेको बताउँदै उनले हेटौंडा उपमहानगरपालिका तथा राष्ट्रिय निकुञ्जले योविषयमा तत्काल निर्णय गर्नुपर्ने धारणा व्यक्त गरेका हुन् ।

हेटौंडा उपमहानगरपालिकाको घनाबस्ती रहेको पदमपोखरी तथा चुरियामाई क्षेत्रमा निकुञ्जको सीमाको कारण विकास निर्माणको गतिविधि गर्न समेत समस्या भएको उनको भनाई छ । श्रेष्ठले जनतालाई समस्यामा पारेर निकुञ्ज क्षेत्रलाई कायम गरिन त्रुटिपूर्ण रहेको उल्लेख गरे । स्थानीय बासिन्दासँगको अर्न्तक्रियामा पूर्वमन्त्री श्रेष्ठले आफूले पनि यो विषयमा सम्वन्धित निकायलाई जानकारी गराएको र अब स्थानीय तह तथा निकुञ्जको प्रतिनिधिसहित यस क्षेत्रका जनप्रतिनिधिको अर्न्तक्रिया गरी नयाँ सीमा निर्धारणको विषयमा पहल गरिने विश्वास दिलाए ।

यसैगरी, श्रेष्ठ १३ नम्बर वडामै सम्मानित पनि भएका छन् । ज्याङ्छ्युवलि पोतला गुम्बाले प्रदेशसभा सदस्य श्रेष्ठलाई सम्मान गरेको हो । गुम्बा परिषरमा आयोजना भएको कार्यक्रममा गुम्बाका धर्मगुरु तथा व्यवस्थापन समितिका पदाधिकारीले श्रेष्ठलाई सम्मान गरेका हुन् । सम्मान ग्रहणपछि मन्तव्य ब्यक्त गर्दै श्रेष्ठले गुम्बाको प्रर्वद्धन तथा विकासमा आफ्नो तर्फबाट सहयोग हुने प्रतिवद्धता व्यक्त गरे । गुम्बा व्यवस्थापन समिति अध्यक्ष लालसिं थोकरको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर १३ का वडाध्यक्ष पेम्बा लामा, युवा संघ हेटौंडा उपमहानगर अध्यक्ष राजेश नगरकोटीलगायतको आतिथ्यता थियो ।

# हेटौंडामा वर्ल्ड स्कूलले प्रवर्द्धन कार्यक्रम गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/भक्तपुरस्थित काठमाडौं वर्ल्ड स्कूलले हेटौंडामा आफ्नो प्रवर्द्धनात्मक कार्यक्रम गर्ने भएको छ ।

नेपालकै महंगो विद्यालयको रुपमा चर्चामा रहेको अर्बपति विनोद चौधरीको कम्पनि चौधरी ग्रुपको काठमाडौं वर्ल्ड स्कूलले यही चैत १७ गते शुक्रबार बिहान हेटौंडाको एभोकाडो होटेलमा अभिभावक र सरोकारवालासँग प्रवर्द्धनात्मक प्रस्तुती राख्ने तयारी गरेको छ ।

आगामी शैक्षिक सत्रलाई लक्षित गरी देशव्यापी प्रवर्द्धनात्मक कार्यक्रम गर्ने क्रममा काठमाडौं वर्ल्ड स्कूलका अध्यक्ष डा. मिथिलेश कुमार झा र प्रिन्सीपल केशर बहादुर खुलालले हेटौंडा आएर विद्यालयको विषयमा जानकारी गराउनुका साथै अभिभावक र सरोकारवालासँग अन्तरक्रिया गर्नुहुनेछ ।

काठमाडौं वर्ल्ड स्कूलले पहिलो पटक हेटौंडामा प्रवर्द्धनात्मक कार्यक्रम गर्न लागेको हो । प्रदेशको राजधानी भएकोले पनि हेटौंडामा प्रवर्द्धनात्मक कार्यक्रम गर्न लागिएको स्कूल व्यवस्थापन पक्षले जनाएको छ ।

आजको प्रतिस्पर्धी विश्वमा दक्ष जनशक्ति तयार पार्न गुणस्तरीय शिक्षा अनिवार्य रहेकोले काठमाडौं वर्ल्ड स्कूलले गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्दै लक्षित अभिभावकलाई बुझाउने उद्देश्यले प्रवर्द्धनात्मक कार्यक्रम राखेको स्पष्ट पारेको छ । संस्कारयुक्त र समयसापेक्ष शिक्षा प्रदान गर्दै आएको स्कूलको दावी छ । यसअघि फागुन महिनामा बिर्तामोड, विराटनगर, धरान, इटहरी, चितवन, पोखरा, बुटवलमा प्रवर्द्धनात्मक कार्यक्रम गरिसकेको स्कूलले चैत महिनामा हेटौंडासहित बीरगन्ज र जनकपुरमा पनि प्रवर्द्धन कार्यक्रम गर्दैछ ।

हार्दिक बधाई तथा शुभकामना



मकवानपुर पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी संघको दोस्रो वार्षिक साधारणभाबाट जय गणेश पार्टी प्यालेसका संचालक **श्री चेतनाथ सापकोटा** ज्यू महासचिव पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

गणेश लामा अनिश वाग्ले प्रकाश कुमार कार्की

एवम् **जय गणेश पार्टीप्यालेस परिवार**

हेटौडा-५ अब्बल डाँडा मकवानपुर

सम्पर्क नं : ९८५५०२७५१२,९८४५५८९६५७

हार्दिक बधाई एवम् आभार



शनिबार सम्पन्न दोस्रो संस्करणको मकवानपुर जिल्ला अन्तरपालिका फुटबल प्रतियोगिताको विजेता हेटौडा उपमहानगरपालिकाको फुटबल टिमलाई हार्दिक बधाई दिँदै प्रतियोगितामा सहभागी १० वटै पालिकाको टिम,प्रमुख प्रायोजक एवम् प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु।

भेश खड्गी (अध्यक्ष) एवम्

**मकवानपुर जिल्ला खेलकुद विकास समिति, परिवार**

हेटौडा, मकवानपुर

पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८१३३२१२२**

# बागमतीको एक घरमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका वडा नम्बर-२ कालिखोलाको एक घरमा आगलागी भएको छ ।

आगलागीबाट १५ लाख रुपैयाँ बराबरको क्षति भएको छ । स्थानीय कुलबहादुर स्याङतानको कच्ची घरमा आगलागी हुँदा घर पूर्णरुपमा क्षति भएको छ । घरमा रहेका लत्ताकपडा, अन्नपात समेत नष्ट भएको छ । घर जल्दा भाग्ने क्रममा ७० वर्षिय आईतसिं स्याङतान सामान्य घाईते भई उपचारर्थ स्वाथ्य केन्द्र शिवराईगाउँ लगिएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । आगो पूर्णरुपमा नियन्त्रणमा लिएको र आगलागीबाट घर, अन्नपात, भाँडा, सुन, चाँदी, नगद क्षति भएको हो ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड




हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।


प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना